१७औं प्रतिदिन वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**सामाजिक सञ्जालको रचनात्मक प्रयोग गरौं**

- सामाजिक सञ्जालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं,
- सामाजिक सञ्जालमा आउने झुठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ,
- सामाजिक सञ्जालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्न गरौं,
- सामाजिक सञ्जाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं,
- सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानसिक तथा शारीरिक समस्या देखापर्न सक्छ, सतर्क रहौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : ८६ ॥ २०८२ वैशाख २१ गते आईतबार (4th May 2025 Sunday) Pratidin National Daily मूल्य-रु.५/-

### परिवार मिलेर पताल गंगा साकोसको रकम अपचलन

# तत्कालीन अध्यक्ष खनाल पक्राउ, श्रीमती र भाई अझै फरार

बिर्तामोड(प्रस) । पाँचजनाको परिवारका सदस्य मिलेर दुई करोडभन्दा बढी रकम हिनामिना गरी विगत दुई वर्षदेखि फरार रहेका पताल गंगा बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोडका तत्कालीन अध्यक्ष रेवती खनाल पक्राउ परेका छन् ।

बचतकर्ताको दुई करोड ६ लाख ८ हजार ३८३ रुपैयाँ हिनामिना गरेर फरार रहेका खनाललाई प्रहरीले बिहीवार कैलालीको धनगढीबाट पक्राउ गरेको हो । तेहथुम सोल्मा गा.वि.स. वडा नं. १ जन्म भई पृथ्वीनगर गा.वि.स. वडा नं ६ भई हाल बिर्तामोड नगरपालिका वडा नं ४ मा डेरा गरी बस्ने ४१ वर्षीय रेवती खनाल फरार रहेकोमा बिहीवार जिल्ला प्रहरी कार्यालय धनगढी कैलालीबाट पक्राउ गरी शुक्रवार इलाका प्रहरी कार्यालय बिर्तामोडमा उपस्थित गराएको डीएसपी विजय श्रेष्ठले बताए । तत्कालीन अध्यक्ष खनाल , उनकी श्रीमती, बहिनी , भाइ र मामा ससुरा गरी पाँचजनाले मिलेर सहकारीको रकम हिनामिना गरेका थिए । २०७८ भदौ २३ गते अपचलन भएपछि पताल गंगा बचत तथा ऋण सहकारी संस्थाका तत्कालीन उपाध्यक्ष टंकप्रसाद भेट्वालले



२ करोड ६ लाख ८ हजार ३८३ रुपैयाँ विगो कायम गरी उनीहरुमाथि २०७८ कात्तिक १६ गते जाहेरी दिएको डीएसपी श्रेष्ठले जानकारी दिए ।

तर जिल्ला सरकारी वकिल कार्यालयमा २०७१ कात्तिक ४ गते मिसिल पेश भएको थियो । अदालतबाट भने २०७९ मंसिर १४ गते म्याद जारी भएको थियो । अदालतबाट म्याद जारी भएपछि तत्कालीन अध्यक्ष खनालकी बहिनी पृथ्वीनगर गा.वि.स. वडा नं. ६ जन्मस्थान भई हाल बिर्तामोड नगरपालिका वडा नं २ स्वर्गद्वारी टोल बस्ने ३६ वर्षीया गोमा खनाल (भण्डारी) २०७९ कात्तिक २५ गते पक्राउ परेकी थिइन् । अनुसन्धानपश्चात् अदालतको आदेशले १ लाख ५० हजार रुपैयाँ धरौटी राखी उनी तारेखमा छुटेकी थिइन् । त्यस्तै खनालका मामा ससुरा बिर्तामोड घर भई हाल भद्रपुर नगरपालिका वडा नं ८ बस्ने ५१ वर्षीय अनन्त जीवन लुईटेल तत्काल फरार रहेकोमा पछि अदालतमा आफै उपस्थित भई ७५ हजार रुपैयाँ धरौटी राखी तारेखमा छुटेका थिए ।

तर खनालकी श्रीमती तेह्रथुम सोल्मा गा.वि.स. वडा नं १ जन्म भई पृथ्वीनगर गा.वि.स. वडा नं ६ मा बस्ने ४४ वर्षीया कमलादेवी भट्टराई (खनाल) र खनालका भाइ तेहथुम सोल्मा गा.वि.स. वडा नं १ जन्म भई पृथ्वीनगर गा.वि.स. वडा नं ६ मा बस्ने ३६ वर्षीय सिताराम खनाल हालसम्म फरार रहेका छन् । पक्राउ परेका तत्कालीन अध्यक्ष खनाललाई आइतबार जिल्ला अदालत झापामा बुझाउने तयारी भएको डीएसपी श्रेष्ठले जानकारी दिएका छन् ।

# प्रेस स्वतन्त्रताका लागि दलहरुले जनाए प्रतिबद्धता




झापा(प्रस) । प्रेस स्वतन्त्रताका लागि झापाका राजनीतिक दलहरुले साझा प्रतिवद्धता जनाएका छन् । नेपाल पत्रकार महासंघ झापा शाखाद्वारा आयोजित एक कार्यक्रममा उनीहरुले साझा प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेका हुन् ।

विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा नेपाल पत्रकार महासंघ झापा शाखाद्वारा आयोजित 'प्रेस स्वतन्त्रताका लागि राजनीतिक दलहरुको प्रतिवद्धता' विषयक अन्तरसंवादमा सहभागी जिल्ला स्तरीय राजनीतिक दलका अध्यक्ष तथा प्रतिनिधिहरुले पाँच बुँदे साझा प्रतिबद्धता जनाएका छन् ।

उनीहरुले जनाएका साझा प्रतिबद्धता यस्ता रहेका छन् :

१) संविधानप्रदत्त पूर्ण प्रेस स्वतन्त्रताको व्यवहारमै कार्यान्वयनका लागि प्रतिबद्ध छौं । साथै प्रेस स्वतन्त्रताको सम्मान, रक्षा र कार्यान्वयनका लागि सरकारसहित सबै सरोकारवालाको ध्यानाकर्षण गराउँदछौं ।

२) राज्यका तीनै तहमा सञ्चारसम्बन्धी कानूनहरु पूर्णरुपमा बनाएर कार्यान्वयन गर्न ध्यानाकर्षण गराउँदछौं । साथै झापाका १५ वटै स्थानीय सरकारलाई एक वर्षभित्र सञ्चार कानून निर्माण र कार्यान्वयन गर्न अपिल गर्दछौं ।

३) २०८१/१२/१५ गते काठमाण्डौको तीनकुनेमा भएको पत्रकार सुरेश रजकको हत्याको छानविन गर्न, परिवारलाई क्षतिपूर्ति दिन, घाइते पत्रकारको निःशुल्क उपचार र क्षति पुर्याइएका सञ्चारमाध्यमलाई उचित क्षतिपूर्तिको व्यवस्थाका लागि सरकारको ध्यानाकर्षण गराउँदछौं ।

४) पत्रकारको क्षमता वृद्धि तथा पत्रकार महासंघको संस्थागत विकास गर्दै मर्यादित र व्यावसायिक पत्रकारिताको विकासका लागि महासंघ र स्थानीय सरकारबीचको सहकार्यमा जोड दिँदै त्यसका लागि राजनीतिक दलहरुको तर्फबाट आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

५) झापाका पत्रकारको सामाजिक सुरक्षाका लागि महासंघले स्थापना गरेको पत्रकार सहारा उपचार कोषको वृद्धिका लागि झापाका राजनीतिक दलहरुको तर्फबाट समेत पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दै कोषमा सहयोगका लागि सबै पक्षलाई अपिल गर्दछौं ।

कार्यक्रममा नेपाली कांग्रेस झापाका कार्यवाहक सभापति केशवराज पाण्डे, नेकपा एमाले झापाका अध्यक्ष प्रेम गिरी, नेकपा माओवादी केन्द्र झापाका संयोजक राजु आचार्य

❖ बाँकी तेस्रो पृष्ठमा

# विश्रान्ती घाट निर्माणका लागि पुराणबाट १७ लाख संकलन

झापा(प्रस) । झापाको बिर्तामोड ८ स्थित देउनिया खोलाको भेलागुडीमा बिश्रान्ती घाट निर्माण गर्ने उद्धेश्यले लगाइएको श्रीमद्‌भागवत महापुराणबाट १७ लाखभन्दा बढी रकम संकलन भएको छ । गणेश पाञ्चायन मन्दिरको आयोजना तथा बिर्तामोड ८ नं वडा कार्यालय र धार्मिक अनुष्ठान सेवा समाज नेपाल सहआयोजक रहेको महापुराणबाट १७ लाख ४० हजार ८४३ रुपैयाँ संकलन भएको हो । त्यसमध्ये ७ लाख ७० हजार ९८५ रुपैयाँ खर्च भएको पुराण मूल आयोजक समितिले शनिवार पत्रकार सम्मेलन गरी जानकारी दिएको छ । खर्च कटाएर ९ लाख ६९ हजार ८५८ रुपैयाँ बचत भएको र सो रकमबाट विश्रान्ती घाटको निर्माण थालिने पुराण मूल आयोजक समितिका अध्यक्ष बाबुराम पराजुलीले जानकारी दिए । उनले जिन्सी सामानअन्तर्गत ३ क्वीन्टल ३० केजी चामल र ५० केजी चिनी संकलन भएको बताउँदै ती सामान गणेश पाञ्चायन मन्दिरका लागि उपयोग गरिने जानकारी दिए। पुराण मूल आयोजक समितिको बिहीवार



बसेको बैठकले बिश्रान्ती घाट निर्माण गर्नका लागि बैठक बस्ने कार्यालय गणेश पाञ्चायन मन्दिरमा रहने र आयोजक गणेश पाञ्चायन मन्दिरको जिर्णोद्धारका लागि १ लाख रुपैयाँ छुट्याउने निर्णय गरेको छ । बैशाख ६ देखि बैशाख १३ गतेसम्म पुराण सञ्चालन गरिएको थियो । पुराणबाट संकलित रकमले केही दिनमै विश्रान्ती घाट निर्माण कार्य शुरु गरिने बिर्तामोड ८ का वडाध्यक्ष अजय कार्कीले बताए । उनले त्यसमा आफ्नो वडा कार्यालयको पनि सहयोग रहने जानकारी दिए । अझ धेरै दाता महानुभावहरुले सहयोग गर्ने वचन दिएको वडाध्यक्ष कार्कीको भनाई छ । बिर्तामोड ८ , ७ र ९ नं वडाका बासिन्दाहरुलाई देउनिया खोलामा अन्त्येष्टि गर्न अप्ठयारो परिरहेकाले पुराणमार्फत सबैको सरसहयोगमा विश्रान्ती घाट निर्माण गर्न लागिएको पुराण मूल आयोजक समितिका सचिव अनिल गौतमले बताए । उनले पुराण सम्पन्न भइसकेपछि अब घाट निर्माण समिति गठन गरी निर्माण कार्य शुरु गरिने जानकारी दिए ।

पुराण मूल आयोजक समितिका अध्यक्ष पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष कार्की , धार्मिक अनुष्ठान सेवा समाजका प्रचारक माधवशरण खनाल, स्थानीय समाजसेवी भद्रप्रसाद चुँडाललगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको संचालन पुराण मूल आयोजक समितिका सचिव अनिल गौतमले गरेका थिए ।

# संघर्षका दीपः यामप्रसाद भण्डारी र दिव्य भुर्तेलको प्रेरणादायी यात्रा

**केशव भट्टराई**

जीवन सामान्यतया एउटा यात्रा हो। तर केही व्यक्तित्वका लागि यो यात्रा निर्दिष्ट गन्तव्य प्राप्ति र परिवर्तनको प्रतीक बन्न पुग्दछ। अनेकौं अप्ठ्यारा अवरोधहरू किन नहुन्, तिनलाई छिचोल्दै उद्देश्यपूर्ण यात्रामा आफूलाई समाज परिवर्तनको संवाहक तुल्याउँदछन्।

संयोगले एउटै वर्ष, २००२ सालमा जन्मिएका यामप्रसाद भण्डारी र दिव्य भुर्तेलले झापालाई कर्मथलो बनाए। यी दुई व्यक्तित्वले केवल आफ्नो व्यक्तिगत दायित्व मात्र पूरा गरेनन्, बरु समाजका लागि र भावी पुस्ताका लागि उज्यालो मार्ग प्रशस्त गरे।

पञ्चायती शासकको कठोर यातनामा व्यक्तिगत लाभसँग कहिल्यै सम्झौता गरेनन्। पटकपटक जेल नेल र हिरासतको नमिठो यात्रालाई रोजिरहे। अन्याय, अत्याचार, शोषण र दमनका विरुद्ध निरन्तर बिगुल फुक्दै, समाजमा जनचेतना फैलाउन, र युवा तथा तन्नेरीलाई जागरूक बनाउन आफ्नो जीवनको यौवन र स्वर्णिम कालखण्डलाई तिलाञ्जली दिए।

तपस्या, त्याग र निष्ठाको जीवनलाई आत्मसात् गर्दै यी सहयात्रीले सिङ्गो समाजलाई समतामूलक, न्यायपूर्ण र लोकतान्त्रिक समाज निर्माण तर्फ उन्मुख गराउने प्रेरणा प्रदान गरे।




यामप्रसाद भण्डारीले शिक्षण र संगठनलाई सँगसँगै अघि बढाउँदै विद्यार्थी, युवा र तरुणहरूमा राजनीतिक चेतना, सामाजिक न्यायप्रतिको प्रतिबद्धता र समानता प्रतिको बोध गराउँदै, बीपी कोइरालाका आदर्शलाई डगमगाउन दिएनन्।

दिव्य भुर्तेलले सामाजिक अगुवाका रूपमा गाउँ, सहर र जिल्लाहरूमा सर्वसाधारणसँग संवाद गर्दै चेतनाको संवाहक बने। तत्कालीन युवराज वीरेन्द्रको सवारी हुँदा मेची पुल बनाउन स्थानीय व्यवसायीबाट संकलित रकम चढाइएपछि, यिनै योद्धाहरूले चर्को विरोध गरे।

यी दुवै व्यक्तित्वले आफूलाई कुनै अमुक पेशा वा स्थानमा मात्र सीमित राखेनन् , समाजका सबै तह र तप्कामा पुगे। कहिले निर्वासित भए , कहिले प्रशासनको आदेशमा मरणासन्न हुने गरी कुटाइ खाए। क्रान्ति र आन्दोलनका लडाइँहरूमा अग्रमोर्चामा उभिए।

व्यक्तिगत आकांक्षाहरूलाई गौण राख्दै, यी व्यक्तित्वहरूले सिङ्गो समाज र मुलुकको खुसीका लागि आफ्नो जीवन समर्पण गरे।

झापा जय नेपाल प्रतिभा प्रोत्साहन प्रतिष्ठानले यी व्यक्तित्वलाई आदर्श नागरिक सम्मानद्वारा अभिनन्दन गर्दा, यो सम्मान केवल उनीहरूको योगदानप्रति कृतज्ञता नभएर हामी सबैका लागि प्रेरणा हो।

यी अदम्य साहसी व्यक्तित्वहरूका कार्यले आजका तन्नेरी पुस्तालाई समानता, न्याय र लोकतन्त्रको लागि नयाँ प्रतिज्ञा गर्न उत्प्रेरित गरिरहेको छ।

हार्दिक शुभकामना ! हार्दिक सम्मान !

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरूदण्ड रोग /सर्जन
समयः सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समयः प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समयः दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समयः दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाईं सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समयः विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समयः प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समयः प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# एपिएफ बन्यो भोजपुर गोल्डकपको च्याम्पियन



झापा(प्रस) । भोजपुरमा संचालित आठौं अन्तर्राष्ट्रिय आमन्त्रित मेयर भोजपुर गोल्डकप फुटबल प्रतियोगिताको उपाधि सशस्त्र प्रहरी बल (एपिएफ)ले उचालेको छ। शनिबार सम्पन्न फाइनल खेलमा डिफेन्डिङ च्याम्पियन चर्च ब्वाईज युनाइटेडलाई ४–० को फराकिलो गोल अन्तरले हराउँदै एपिएफ विजेता बनेको हो।

खेलको १७ औं मिनेटमा एपिएफका विशाल स्याङतानले गोल गर्दै टोलीलाई सुरुवाती अग्रता दिलाए । दोस्रो हाफको ६४ औं मिनेटमा एपिएफका समिराज थोकरले गोल गर्दै टोलीको अग्रता दोब्बर पारे । त्यस्तै खेलको ७५ औं मिनेटमा.एपिएफका अनिष महर्जन र ८१ औं मिनेटमा एपिएफका बिके तामाङले गोल थप्दै टोलीको जित सुनिश्चित गरे । चर्च ब्वाईजले गोल गर्न नसक्दा हारबाट जोगिन सकेन । जितसँगै विजेता एपिएफले ५ लाख नगद जितेको छ भने उपविजेता बनेको चर्च ब्वाईजले ३ लाख नगद हात पारेको छ ।

प्रतियोगिताको म्यान अफ दि म्याच एपिएफका मान बहादुर राना भए । उनले पाँच हजार सहित मेडल, प्रमाणपत्र, ट्रफि हात पारे । त्यस्तै उत्कृष्ट गोलकिपर एपिएफकै सुजन विक भए। त्यस्तै सर्वाधिक गोलकर्ताको उपाधि एपिएफका समिराज थोकरले हात पारे । त्यस्तै प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी चर्च ब्वाईजका पदम भट्टराई घोषित भए। उनले २५ हजार नगद हात पारे । भोजपुर जिल्ला फुटबल संघको आयोजनामा सञ्चालित प्रतियोगितामा देश विदेशका विभिन्न ८ टिमको सहभागिता रहेको थियो ।

# सरकार र आन्दोलनरत चिकित्सकबीच चार बुँदे सहमति

झापा, बैशाख २० । सरकार र आन्दोलनरत आवासीय चिकित्सकबीच सहमति भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र नेपाल मेडिकल एसोसिएसनबीच शनिबार मन्त्रालयमा चार बुँदे सहमति भएको हो ।

सहमतिपत्रमा मन्त्रालयका तर्फबाट डा भीमप्रसाद सापकोटा र एशोसिएसनका तर्फबाट महासचिव सञ्जिव तिवारीले हस्ताक्षर गरेका छन् । सहमति गरेसँगै आवासीय चिकित्सकले गर्दै आएको आन्दोलन फिर्ता भएको छ ।

सहमतिअनुसार चिकित्सा शिक्षा आयोगको बैठकले गत माघ २५ गते गरेको निर्णयबमोजिम निजी मेडिकल कलेजमा चिकित्सा शिक्षा, स्नातकोत्तर तहमा अध्ययन गर्ने सबै आवासीय चिकित्सकलाई सार्वजनिक शिक्षण संस्थाले दिएसरह (स्वास्थ्य सेवाको आठौँ तह) निर्वाह भत्ता तत्काल उपलब्ध गराउन सरोकारवालालाई निकायलाई निर्देशन दिने, आवासीय चिकित्सकको बिदा, ड्युटी समय, अतिरिक्त सुविधालगायत विषयमा मन्त्रालयले कार्यदल गठन गरी १५ कार्यदिनभित्र प्रतिवेदन पेस गर्ने सहमति भएको छ ।

यस्तै, चिकित्सा शिक्षा आयोगको १८औँ बैठकको निर्णयबमोजिम आयोगले सबै विद्यार्थीको एकीकृत रूपमा 'म्याचिङ' तथा भर्ना हुन पाउनेगरी व्यवस्था मिलाउन मन्त्रालयले समन्वय गर्ने र चिकित्सकहरू नियमित कार्यमा फर्कने सहमति भएको छ । छलफलमा स्वास्थ्यमन्त्री प्रदीप पौडेल पनि सहभागी थिए ।

# कन्काईमा एक ट्र्याक्टर अवैध काठसहित दुई पक्राउ



झापा(प्रस) । सशस्त्र प्रहरीले अवैधरुपमा काठ ल्याउँदै गरेको ट्र्याक्टरसहित दुईजनालाई पक्राउ गरेको छ। शुक्रवार राति अन्दाजी १०:५० बजे झापाको कन्काई नगरपालिका -३ सुरुङ्गा पुलमा सशस्त्र प्रहरी बल नेपाल,सुरक्षा बेश शनिश्चरेबाट खटिएको गस्ती टोलीले चेकजाँच गर्ने क्रममा मे १ त ४९४७ नम्बरको ट्र्याक्टरमा इलामबाट झापातर्फ ल्याउँदै गरेको विलविजक पुरा नभएको अन्दाजी रु २ लाख ५० हजार बराबरको १८० क्यु.फिट चिलाउने जातको गोलिया काठ बरामद गरेको थियो । काठसंगै सशस्त्र प्रहरीले ट्र्याक्टर चालक इलाम माई नगरपालिका - ७ बस्ने २२ वर्षीय प्रविन खड्का र सहचालक इलाम माई नगरपालिका- ८ बस्ने १७ वर्षीय दिवस खड्कालाई नियन्त्रणमा लिएको छ ।

काठ र अन्दाजी ७ लाख बराबरको ट्र्याक्टर गरी जम्मा मूल्य ९ लाख ५० हजार बराबरको गोलिया काठ, ट्र्याक्टर र दुवैजनालाई आवश्यक कार्बाहीको लागि शनिवार बिहान कन्काई सब डिभिजन वन कार्यालय सुरुङगामा बुझाइएको सशस्त्र प्रहरी बल नेपाल नं २ गण हे.क्वा. झापाका सूचना अधिकारी डीएसपी सुमन पोखेलले जानकारी दिएका छन् ।

# शिवसताक्षीको फर्निचर उद्योगमा आगलागी

झापा(प्रस) । झापा शिवसताक्षी नगरपालिकाको एक फर्निचर उद्योगमा आगलागी भएको छ ।

शनिवार बिहान अन्दाजी २:४० बजे शिवसताक्षी नगरपालिका वडा नम्बर ५ आमबारी बस्ने घुरन साहको काठ फर्निचर उद्योगमा अचानक आगलागी भएको हो ।

आगलागीबाट उद्योगभित्र रहेको औजार, सखुवाको काठ र फर्निचरको तयारी सामानहरु जलेर नष्ट हुँदा अन्दाजी १० लाख बराबरको क्षति भएको छ ।

उक्त आगो स्थानीयबासी, इलाका प्रहरी कार्यालय शिवगञ्जको प्रहरी टोली र शिवसताक्षी नगरपालिका, कमल गाउँपालिका र दमक नगरपालिकाको दमकलको सहयोगमा बिहान ३ बजे पूर्णरुपमा नियन्त्रणमा आएको प्रहरीले जनाएको छ ।

# सामाजिक सुरक्षा कोषको दायरा विस्तार गरिने

झापा(प्रस) । सरकारले योगदानमा आधारित सामाजिक सुरक्षालाई प्राथमिकतामा राखेर यसको दायरा फराकिलो गर्दै विस्तार गर्ने योजना अघि सारेको छ । सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले सरकारी करार, कम्पनी, सामाजिक संस्थालगायतमा कार्यरत श्रमिक, कर्मचारीलाई अनिवार्य रूपमा योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने नीति लिएको हो ।

कम्पनी, संस्था, सहकारी फर्म वा अन्य सङ्गठित संस्थाको नवीकरण गर्दा श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराई नियमित योगदान गरेको प्रमाण संलग्न गर्नुपर्ने बाध्यकारी कानुनी व्यवस्था गरिने प्रस्तुत नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

प्रस्तुत नीति तथा कार्यक्रममा वर्तमान सरकारले श्रम गर्ने संस्कृतिको विकास गर्दै देशभित्रै रोजगारी अभिवृद्धि गर्न श्रमलाई सम्मान गर्ने परिपाटी बसाल्ने उल्लेख छ। इन्टर्नलाई पनि स्टार्टअपमा संलग्न गर्ने कार्य घण्टामा आधारित ज्याला प्रणाली लागु गरिने प्रस्तुत नीति तथा कार्यक्रममा उल्लेख छ ।

यस्तै श्रम अडिटको माध्यमबाट आधारभूत श्रम मापदण्डको कार्यान्वयन सुनिश्चित गरिने, दक्ष श्रमशक्ति रोक्न विगतमा भएगरेका तर हाल रोकिएका श्रम प्रोत्साहनका अभ्यासलाई निरन्तरता दिइने पनि आगामी आवको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । प्रस्तुत नीति कार्यक्रममा देशभित्र उद्यमशीलता विकास गरी युवा रोजगारी सिर्जना गरिने पनि उल्लेख गरिएको छ ।

यसैगरी प्रस्तुत नीति कार्यक्रममार्फत सरकारले आगामी दशक २०८२/८३ देखि २०९२/९३ लाई आन्तरिक रोजगारी दशकका रूपमा मनाइने घोषणा गरिएको छ । स्वरोजगारी तथा ज्याला रोजगारी दुवै माध्यमबाट आन्तरिक रोजगारीको सिर्जना गरिने पनि उल्लेख छ ।

प्रस्तुत नीति कार्यक्रममार्फत वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने नीति, कानुन तथा कार्यविधि संशोधन र तर्जुमा गरिने राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारको माग अनुसार सिपयुक्त जनशक्ति तयार गर्ने उल्लेख छ । यस्तै सिपयुक्त जनशक्ति विकास र राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको भूमिका विस्तार गरेर छ महिनासम्मका सबै प्रकारका तालिम यस प्रतिष्ठानबाट दिने गरी व्यवस्था गरिने पनि नीति कार्यक्रममा उल्लेख छ ।

# बितेको वर्ष प्रेस स्वतन्त्रता हननका ७३ घटना

झापा(प्रस)। पछिल्लो एक वर्षमा प्रेस स्वतन्त्रता हननसम्बन्धी ७३ वटा घटना भएका छन् । नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन इकाइका अनुसार सन् २०२४ मे ४ देखि २०२५ अप्रिल ३० सम्ममा भएका ७३ वटा घटनामा १५१ पत्रकार र पाँच वटा सञ्चार संस्था आक्रमणमा परेका छन् ।

महासंघका अनुसार उक्त अवधिमा दुई जना पत्रकारको हत्या भएको महासचिव रामप्रसाद दाहालले जानकारी दिए । यस्तै, पेशागत असुरक्षाका १६ वटा घटना अभिलेख भएका छन् ।

पत्रकारमाथि धम्की, धरपकड तथा दुर्व्यवहारका अत्यन्त निन्दनीय घटना यस अवधिमा भएका छन् जसलाई लोकतन्त्र माथिकै प्रहार भएको महासंघको ठहर छ ।

शनिवार विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा महासंघले उक्त तथ्य सार्वजनिक गरेको हो । सन् १९९१ मा अफ्रिकी राष्ट्र नामिबियाको विन्डहोकमा भएको पत्रकारहरूको सम्मेलनले प्रेस स्वतन्त्रताको पक्षमा घोषणा-पत्र जारी गरेको थियो । योसँगै युनेस्कोले सन् १९९३ देखि प्रत्येक वर्ष मे ३ मा विश्व प्रेस स्वतन्त्रता दिवस मनाउने प्रस्तावलाई संयुक्त राष्ट्रसंघले अनुमोदन गरेपछि विश्वभर यो दिवस मनाउन सुरु भएको हो ।



महासंघले गत चैत १५ गते काठमाडौँको तीनकुनेमा भएकोहिंसात्मक आन्दोलनमा पत्रकार सुरेश रजकको हत्या, सञ्चारमाध्यममाथि आगजनी र आक्रमण, शिक्षक आन्दोलनमा समाचार सङ्कलनका क्रममा पत्रकार सविना कार्कीमाथि भएको ज्यादती, धरानका पत्रकार गोपाल दाहालमाथि स्थानीय सरकारको प्रमुखबाटै भएको भौतिक आक्रमणको धम्की तथा मानसिक यातनाको घटनाका कारण विस्थापित हुनुपरेको घटनामा खेद प्रकट गरेको छ ।

# झापामा लागूऔषधसहित ६ जना पक्राउ



झापा(प्रस) । बिर्तामोड र काँकडभिट्टामा गरी लागूऔषधसहित ६ जना पक्राउ परेका छन् ।

शुक्रवार दिउँसो २ बजे बिर्तामोड ४ पुरानो भद्रपुर लाइनस्थित वर्ल्डलिंकको कार्यालय अगाडि बिर्तामोड ५ बस्ने २० वर्षीय सुमित मगरको साथबाट प्लाष्टिकसहित २ ग्राम ३६० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो ।

सोही प्रहरी टोलीले बिर्तामोड ५ देउराली होटल एण्ड लजबाट इलाम सूर्योदय २ बस्ने २१ वर्षीया सन्ध्या विश्वकर्माको साथबाट प्लाष्टिकसहित ४३० मिलिग्राम ब्राउनसुगर बरामद गरेको छ । दुवैलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको छ ।

त्यस्तै शुक्रवार साँझ ५:१५ बजे मेचीनगर नगरपालिका वडा नं. ६ काँकरभिट्टास्थित साठी बिगाह बस्ने राधिका प्रधानको घरमा डेरा गरी बस्ने चारजना लागूऔषधसहित पक्राउ परेका छन् ।

प्रहरी टोली खटिएर राधिका प्रधानको घरको तलामुनि रहेको दक्षिणपूर्व कोठामा प्लाष्टिकसहित १ ग्राम ४०० मिलिग्राम ब्राउनसुगर फेला पारेको थियो । पक्राउ पर्नेहरुमा मेचीनगर नगरपालिका-६ शान्तिगाउँ वस्ने २९ वर्षीय दिपक मल्लिक , मेचीनगर नगरपालिका-६ मेचीडाँडा वस्ने २५ वर्षीय सरोज दाहाल , सोही ठाउँका २६ वर्षीय सौगात पोखरेल र मेचीनगर नगरपालिका -७ सत्तिघट्टा बस्ने २१ वर्षीय गुडु भन्ने बिजय भुजेल रहेका छन् ।

# अन्तर्राष्ट्रिय भलिवल खेलाडी श्रेष्ठको निधन



झापा(प्रस) । गुल्मीको रेसुङ्गा नगरपालिका-१ का अन्तर्राष्ट्रिय भलिवल खेलाडी ५५ वर्षीय बद्रीप्रकाश श्रेष्ठको मृत्यु भएको छ । लामो समयदेखि लिभरको समस्याले बिरामी भएका श्रेष्ठको काठमाडौँको मेडिसिटी अस्पतालमा मृत्यु भएको हो । उनी विसं. २०२७ सालमा जन्मिएका थिए ।नेपालको तर्फबाट जर्मन र बङ्गलादेश लगायतका देशका भलिवल प्रतियागिता खेलेका श्रेष्ठको श्रीमती र छोराछोरी रहेका छन् ।

श्रेष्ठको शनिवार नै पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको गगन केसीले जानकारी दिए ।

देशकै भलिवल खेलको विकासमा योगदान पुऱ्याएका श्रेष्ठको निधनले निकै स्तब्ध बनाएको जिल्ला भलिवल संघ गुल्मीका महासचिव नारायण आचार्यले बताए ।

# कक्षा १२ उत्तीर्णले दुईवर्षे जनरल नर्सिङ पढ्न पाउने



झापा(प्रस) । सरकारले कक्षा १२ पास गरेका विद्यार्थीलाई दुईवर्षे जनरल नर्सिङ पढ्न पाउने कार्यक्रम सुरु गर्ने भएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्मा आर्थिक वर्ष २०८२/८३ को सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै यस्तो व्यवस्था गर्ने बताएका हुन् ।

उनले स्वास्थ्य क्षेत्रको जनशक्तिको आपूर्ति सुनिश्चित गर्न जनरल नर्सिङ कार्यक्रम सञ्चालन गरिने बताए ।

अहिले एसईई पास गरेपछि पीसीएल नर्सिङ पढ्न पाइने व्यवस्था छ । स्नातकमा ब्याचलर अफ नर्सिङ साइन्स (बीएनएस) तीन र चारवर्षे बिएसी नर्सिङ कार्यक्रम सञ्चालनमा छ ।

# षष्टिका बस्नेत पुरस्कार भण्डारीलाई

झापा(प्रस) । पूर्वाञ्चल दैनिकका सह सम्पादक सुरेन्द्र भण्डारीलाई षष्टिका बस्नेत सूचनाको अधिकार प्रोत्साहन पुरस्कार प्रदान गरिएको छ ।

२५ हजार २५ रुपैयँ पुरस्कार राशिको सो पुरस्कार भण्डारीलाई कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्की र विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले संयुक्तरुपमा प्रदान गरे ।

विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा नेपाल पत्रकार महासंघ मोरङ शाखाले आयोजना गरेको पुरस्कार वितरण र अग्रज पत्रकार सम्मान कार्यक्रमकाबीच भण्डारीलाई पुरस्कृत गरिएको थियो । भण्डारी सूचनाको हकका लागि राष्ट्रिय महासंघ कोशी प्रदेशका महासचिव समेत रहेका छन् ।

विगत डेढ दशकदेखि सक्रिय पत्रकारिता गरिरहेका भण्डारी राष्ट्रिय समाचार समिति र इमेज टेलिभिजनमा समेत आवद्ध छन् ।

यसैबीच एक लाख एक सय रुपैयाँ पुरस्कार



राशिको षष्टिका वस्नेत सूचनाको अधिकार पुरस्कार पत्रकार किशोर वुढाथोकीलाई प्रदान गरिएको थियो । सो पुरस्कार मुख्यमन्त्री कार्की र बिराटनगर महानगरपालिकाका प्रमुख कोइरालाले संयुक्तरुपमा वुढाथोकीलाई प्रदान गरेका थिए ।

पुरस्कृत वुढाथोकी सूचनाको अभियन्ता हुन् । उनी अन्नपूर्ण दैनिकमा आवद्ध छन् ।

बिराटनगरका समाजसेवी केदारबहादुर बस्नेतले आफ्नी श्रीमती षष्टिका वस्नेतको स्मृतिमा पुरस्कार स्थापनाका लागि नेपाल पत्रकार महासंघ मोरङ शाखामा कोष स्थापना गरेका थिए ।

२०७३ सालमा स्थापित सो कोषको व्याजबाट सूचनाको हकका लागि काम गर्दै आएकाहरुलाई पुरस्कार प्रदान गरिँदै आएको छ । यसैबीच पत्रकार महासंघ मोरङले विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा ६० वर्ष उमेर पुगेका पत्रकार यज्ञ शर्मालाई सम्मान गरेको छ । सम्मानित शर्मालाई मुख्यमन्त्री कार्कीले प्रशंसापत्र प्रदान गर्दै खादा, माला लगाइदिएर सम्मान गरेका थिए । त्यस्तै महासंघ मोरङले तयार पारेको क्यालेण्डर महागर प्रमुख कोइरालाले लोकार्पण गरेका हुन् ।

नेपाल पत्रकार महासंघ मोरङ शाखाकी अध्यक्ष सुशीला पाठकको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि मुख्यमन्त्री कार्कीसहित विशेष अतिथि विराटनगर महानगरपालिकाका प्रमुख कोइराला , नेपाल पत्रकार महासंघ कोशीका अध्यक्ष भरत खड्का, पूर्व अध्यक्ष विक्रम लुइँटेल, लीलावल्लभ घिमिरे, षष्टिका वस्नेत कोषका संरक्षक केदान वस्नेतलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

बिर्तामोड नगरपालिकाको
अत्यन्त जरुरी सूचना

यस बिर्तामोड नगरपालिकाको सार्वजनिक क्षेत्रमा जथाभावी रुपमा फोहोर फालेको पाइएकाले यो सूचना जारी गरिएको छ। बिर्तामोड नगरपालिकाको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी पाएको निराकार सरसफाई प्रा.लि.को फोहोर मैला ढुवानी गर्ने सवारी साधन आएको बखत उक्त ढुवानी गर्ने सवारी साधनमा फोहोर राख्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं।

अब पनि यसैगरी जथाभावी रुपमा फोहोर मैला फालेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरासमेत जानकारी गराउँदछौं।

बिर्तामोड नगरपालिका
नगरपालिकाको कार्यालय, झापा
कोशी प्रदेश, नेपाल

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

प्रतिदिन अभिव्यक्ति

कविता

# कसैलाई नसुनाएको कविता !

रामकृष्ण अधिकारी



कोही सुन्न तयार छ भने म सुनाउँछु
च्यातिएका पानाहरूमा फाटेको मनले सिलाएको शब्दहरू
जसोतसो खाली पानामा केरमेट गर्दै
औंलाका टुप्पाहरूले सुनाएको कथाहरू
भरिएको मन कतै पोखिन नपाउँदा
कलमको मसीसँगै ओकल्नु परेको बेथाहरू।

अब भन तिमी के के सुन्छौ?
तिमी अचम्मित र अप्रत्याशित नहुनु
किनकि मसँग तिमीलाई सुनाउन मिठा मायाका शब्दहरू नहोलान्
तर भ्रमित समय र भ्रमित सोचाइका काल्पनिक चित्रणहरू छन्
भ्रम नै सही मोह र मायाको रोजाइका रमाइला क्षणहरू छन्।

तिमी मलाई कवि पनि नसम्झिनु
कवितालाई त मैले राम्रोसँग चिनेको पनि छैन
छन्द, अलङ्कार, लयलाई कतै किनेको पनि छैन
म त केवल टुटेका फुटेका शब्दहरूका पङ्क्ति जोडेर जुटाउँछु
तिमी सुन्छौ भनी मनको चित्तमा लुकेका भावनाहरू फोरेर सुनाउँछु।

सोच्ने गर्छु
विरक्त लाग्दो कहानीबाट सधैँ बिरक्तिएका शब्दहरू लेख्ने विरक्तमै डुबेको
कलमले किन कहिल्यै मिठासका अक्षरहरू कोर्ने मसी छाद्न सकेनन्?
पिठोलाई जहाँ लगेर जति नै पिसे पनि पिठोको रूप त फेरिने छैन नि
तर म पिठो नहुँदा पनि बारम्बार खयालको जाँतोमा पिसिएर निस्किँदा पनि
किन पिठोझैँ रहिरहन्छु?

हेर त
समयको बदलावसँगै ममा आउनुपर्ने बदलावहरूले
मसँग कुन्नि कुन कुराको बदला लिँदै छन्?
थाहा छ, केही झूटा प्रेमहरू पछि काँडा सरी बिझ्नेछन्
तर प्रेमका राता गुलाफ देख्ने नजरले कसरी
च्वास्सै बिझ्ने काँडाहरू देख्न सकेनन्?

यी कदमहरूलाई पनि थाहा छ कि अगाडिका बाटोहरू निकै कठिन छन्
तर
कठिन यात्रामा कोही साथी पर्खिएका कदमहरूले किन
पर्खाइमै टाढाबाट आउँदै गरेको एक्लोपनलाई चिन्न सकेनन्?
मलाई थाहा छ समय परिवर्तनशील छ
यहाँ आजले हिजो त बिर्सन्छन् भनेर तर
परिवर्तित समयले किन विगतलाई
पल पलमा परावर्तन गराई याद दिलाइरहन्छन्?

यो पनि थाहा छ अब बितेको समय फर्किने छैन तर
झिनो आशा किन कतै फर्किरहन्छन्?
थाहा छ अब अगाडि बढ्नु नै छ तर
पाइलाहरू किन अझै अल्झिरहन्छन्?
यो मस्तिष्कलाई मात्र थाहा हुनु पनि बेकार नै रहिछ
मन त अझै पनि केही थाहा नपाए झैँ अथाह कल्पनामै झुलिरहन्छ।

आखिर मन नै त हो
तिमीलाई झर्को त लागेको छैन नि है?
सुनाउन त मसँग अझै हजारौँ हजार बहानाहरू छन्
अनेकन् चाहनाहरू छन्
तिमी फेरि पनि फुर्सद मिलाएर आउनु है
समयले त मलाई यति फुर्सद दिएको छ कि
फुर्सदलाई पनि मेरो फुर्सदको कुनै हिसाब छैन
मसँग त समय नै समय छन्
तिमी सुन्छौ भनी म समयले बदलिएका
समयका कथाहरू सुनाउँछु।

# जब पण्डितले जातभन्दा माथि सम्बन्धलाई राख्दै सुम्पिए छोरी



गणेशप्रसाद भट्टराई

'ए फुडोमा! के हो? ती हरेराम बाजेकी छोरीको त राम्रो कुरा सुनिँदैन नि। कता, त्यो अमरमानसँग हिमचिम छ भन्ने पो सुनिन्छ छ त,' पानी भर्न जान लागेकी अमरावतीले बाटैमा भेटेर कुरा राखी।

'आँ, छोड्दे त्यस्ता कुरा! हामी बिहे भइसकेकालाई त्यस्ता कुराको के वास्ता? जसले जेसुकै गरोस्। जवान छन्, जवानीमा प्रेम नगरे कहिले गरून् त? आफ्नो यहाँ तरकारी गोड्न बितिसक्यो। आफ्नो मानो खाएर अर्काको गफ गर्ने फुर्सद छैन अमरा मलाई! गएँ म त,' फुडोमा तर्कन खोजी।

'हैन पख् न एकछिन। तेरो चाहिँ के बित्छ हो एकछिन गफ गर्दा। झन् मन मिल्ने साथी भनेर कुरा सुनाउन खोजेको।'

'मान्छेले धर्मसंस्कृति, जात, आफ्नो स्तर हेर्नुपर्दैन लभसब गर्दा? बाजेले भाटा लाउँछन् अनि थाहा पाउँछे रमितेले?' अमरावतीले कुरा राख्न खोजी।

हरेराम बाजेकी छोरी रमिता र हर्कवीरका छोरा अमरमानका बीचमा हिमचिम बढेको कुरा एक हप्ताअघिदेखि गाउँमा चर्चामा थियो। युवाहरू ठिक भो भन्थे भने बुढापाका गाउँमा अनर्थ हुने भो भनी कुरा काटिरहेका थिए। बाजे गाउँमा नाम चलेका पण्डित थिए। हर्कवीरको पुछार गाउँमा आरन थियो।

गाउँभरिका कुटोकोदालो, हँसिया, खुकुरी सब उनैले बनाउँथे। पहिले रमिता र अमरमान एउटै विद्यालयमा पढ्थे। अहिले दुवै गाउँमै काम गर्छन्। हातहतियार अर्जाप्न जानेआउने क्रममै रमिता र अमरमान नजिकिएका थिए। पार्टी भन्ज्याङमा एकान्तमा बसेर गफ गरिरहेको नत्रकुमारीले देखेपछि उनीहरूको सम्बन्धको चर्चा गाउँमा भएको थियो। नत्रकुमारी आफूलाई थाहा भएका कुरा एकै छिनमा गाउँभर फैलाउँथी।

नत्रकुमारीका कुरा वास्तविकताको नजिक हुने भएकाले अमरावती यही कुरा फुडोमासँग राख्न चाहन्थी। फुडोमाले पनि प्रेम विवाह गरेकाले ऊ चाहिँ यस्ता कुरालाई स्वाभाविक ठान्थी र कसैसँग यस्ता विषयमा कुरा गर्न तर्किन्थी।

'किन लाउनुपर्यो भाटा? दुवैको उमेर पुगेकै छ। यो जमानामा कसैले जातभातको कुरा गरेर हुन्छ? आफ्नो निर्णय आफै गर्न सक्छन् तिनले। देशमा प्रजातन्त्र आइसक्यो बाबै, पुरानो जमाना हैन नि अब। मलाई तिनको प्रेमको कुरा नसुना। म त फूलमाला लाइदिन्छु तिनलाई। जवान छन्, काम गर्न सक्छन्, घरबार चलिहाल्छ। प्रेम गरेर के बिगारे र तिनले? फेरि बाजे पनि त पुराणभन्दा त्यति राम्रा कुरा गर्छन्। तिनैले भनेको होइन, संसारमा जात भनेको महिला र पुरूष मात्र हो भनेर? अनि महिला र पुरूषको प्रेम वा बिहे भएमा के अनर्थ हुन्छ र? झनै बच्चाबच्ची हुन्छ, घरै रमाइलो। कि कसो?,' अमरावतीको कुरा काट्ने सुर थियो। फुडोमाले एकै स्वासमा सबै उडाइदिई। दुवै आ-आफ्नो बाटो लागे।

हरेराम पण्डित आफ्ना गाउँका अधिकांश घरमा जजमान गर्थे। हर्कवीरकहाँ चाहिँ उनले पुरेत्याइँ गरेनन्। अरूले दिएको फलफूलबाहेक उनले खाएको देखिएको छैन। पुराण भन्न जाँदा पनि उनी आफै पकाएर खान्थे। उनले पुराणभन्दा धेरै पटक भनेका छन्, 'बिरूवा, जमिन, जनावर, ठाउँ, मानिस सबैको नाम हामीले दिएका हौं। बाघले म बाघ हुँ भनेको होइन, हामीले बाघ भनेका हौं। उसलाई त बाघ भनेको के हो थाहा नहुन सक्छ। हामीले नै मानिसलाई अनेकौं जातमा विभाजन गरेका हौं। विभेद गरेका हौं। हाम्रा कुनै भगवान्को जात छैन। ती सबैका हुन्। यसैले हामी मान्छेले जातको कुरा, वर्णको कुरा, आकारप्रकारको कुरा गर्नु हुन्न। अरूका नराम्रा कुरा गरेर आफ्नो समय खेर फाल्नु धर्तीलाई स्वर्ग बनाउने अवसर गुमाउनु हो,' यस्ता कुरा गर्दा समाजमा तल्ला जात भनिनेले ताली बजाउँथे र उठेर नाच्थे।

माथिल्ला जात भनाउँदाले ओठ बटार्थे र ताली बजाउन उठाएका हात पनि तल झार्थे। यो देखेपछि हरेराम बाजे चाहिँ एउटा भजन गाउन लगाएर सबैलाई साम्य पार्न खोज्थे। उता वीरमानलाई यस्ता धेरै कुराको चासो थिएन। दुईतीन गाउँमा बालीमा हतियार बनाउने काम गर्दा नै उनलाई भ्याइनभ्याई थियो। आफ्नो आरनलाई मेसिनले चल्ने बनाउन पाए र छोरा अमरमानले आफ्नो पेसा थमाइदिए हुन्थ्यो भन्ने उनको सोच थियो। एउटा सुशील कन्यासँग छोराको बिहे गरिदिन पाए हुन्थ्यो भन्ने सोच पनि उनमा नआएको चाहिँ होइन।

मंसिरको महिना थियो। हरेराम हिजो मात्र शिवाकोटी गाउँमा सप्ताह सकेर फर्किए। पुराणको सरसामान लिएर उनकै साथमा आएका मानिस पनि सामान घरमा राखिदिएर फर्किहाले। यसरी पुराणबाट आएका सामानमध्ये केही हरेराम आफैले राख्थे। केही चाहिँ गाउँलेलाई नै दिन्थे। पण्डितले केही दिन्छन् कि भनेर आवश्यकता महसुस गर्ने गाउँले पुराण सकेर घर फर्केको दिन उनको आँगनमा भेला हुन्थे। यसपटक पनि आँगनमा मानिस भेला भएका थिए। उनले केही सामान निकाल्दै कसलाई चाहिन्छ भन्दै सोधेर दिए। एकछिनपछि उनले मोठको छेउमा राखेको ओढ्ने ओछ्याउनेसहितको खाटतिर हेर्दै भने, 'कोही लाठे छौ यहाँ? यो खाट वीरमानलाई दिने विचार छ मेरो। फुर्सद छैन होला उसको, तिमीहरूले पुर्याइदेओ न,' कुरा सुन्नासाथ चुन्नालाल र सन्तुले खाट बोके, हिँडे।

भोलिपिल्ट बिहान पण्डित अलिक ढिलो उठे।

उठ्दा पण्डित्नी भन्दै थिइन्, 'यो सब बाबुको कमजोरी हो। पुराण भन्न गएर के के भनिदिने, घरमै छोरीले टाउकामा टेकेको थाहा नपाउने! अब इज्जत गएन। यत्रो दुःख गरेर पढाएको यही दिन देख्न रहेछ। अब गाउँमा कसरी बस्नु! यत्रो जायजेथा छ, छोडेर जान पनि सकिँदैन। हरे शिव!'

'के भयो? किन यसरी कराएकी?'

'के भएन भन्नु न! रमिते छैन घरमा। राति नै हिँडिछे त्यो। तपाईंले नै उचालेर हो,' पण्डित्नीले दाह्रा किट्दै भनिन्।

पण्डित घोसे मुन्टो लाएर आँगनको कुर्सीमा बसे। पण्डित्नी आफै भुत्भुताउँदै थिइन्। पण्डित चाहिँ सबै कुरा सुनेर पनि नसुनेझैं गरी बसिरहे। त्यही बेला वीरमान आयो।

'पण्डित बाजे मैले केही गल्ती गरेको छैन। सब त्यहीँ अमरेले गरेको हो। माफ पाऊँ। मलाई खाट पनि चाहिँदैन। गाउँमा बस्न पाऊँ। म बुढो अन्त गएर केही गर्न सक्दिनँ। गाउँबाट ननिकाल्दिनु न हजुर,' वीरमान आत्तिँदै भन्यो।

त्यति बेलासम्म हरेररामको आँगनमा धेरै मानिस भेला भइसकेका थिए।। फुडोमा र अमरावती पनि थिए। आँगनमा गुनगुन भइरहेको थियो। बुढापाका अब पण्डितले ठूलै निर्णय गरेर वीरमानलाई गाउँबाटै निकाल्छन् भन्दै थिए। कोही अमर र रमिताका पक्षमा पनि कुरा गर्दै थिए।

धेरै समयसम्म चुप लागेर बसेका पण्डितले सबैतिर हेरेर भने, 'पुराण सुन्न आउनुभएको कि पुराण सुनाउन? म आज पनि पुराण सुनाउँछु, 'मानिसको एउटा मात्र जात हुन्छ। त्यो हो मानिस। ठूलो-सानो, छुत-अछुत हामीले बनाएका हौं। हामीले नै यसलाई अन्त्य गर्न सक्छौं,' उनले भुइँमा बसेर कामिरहेको वीरमानलाई उठाए र अनुहारमा हेर्दै हात जोडेर भने, 'सम्धिज्यू, हाम्री छोरीलाई सुखले राख्नुहोला। छोरी ज्वाइँ त्यही खाटमा सुतुन्।'

वीरमानका आँखा रसाए। पण्डित्नी फन्केर भित्र पसिन्। गाउँले बिस्तारै घरतिर लागे। फुडोमा चाहिँ उफ्रेर नाची र अमरावतीलाई कर्के नजरले हेर्दै घरतिर लागी।

# हजुरबा र पुस्तक !



रोशन पन्त

एक मुहार सधैँ झ्यालमा अडिरहन्छ। तर म यत्ति पक्कै बुझ्छु कि त्यो झ्यालमा सायद उहाँ आफ्ना बाँचेका वर्षहरूभन्दा बाँच्न बाँकी वर्षहरूको कल्पना गर्दै आफ्नो समय गुजार्दै हुनुहुन्छ। उहाँलाई पक्कै पनि थाहा छ, आफ्ना बाँच्न बाँकी शेष वर्षहरू निकै कम छन्। मुहारमा भएको दाह्रीले सेतो वस्त्र धारण गरेको स्पष्ट देखिन्छ उहाँको।

म उहाँको मानसपटलमा बाधा नपुर्याउने उद्देश्यले आफ्ना ओठका झ्यालहरू खुल्न दिन्न। नत्र यी झ्यालहरूले उहाँले आफ्ना लागि छुट्ट्याएको समय सारिणी सीमामा विरोध मच्चाउँछन्।

उहाँ सधैँ मस्तमौला आदमी हुनुहुन्छ। मैले केही चिज बिगारे भने पनि उहाँ दार्शनिक विचार पोखिहाल्न हुन्छ। भन्नुहुन्छ 'यहाँ हाम्रो हातमा के चिज छ र हामी सपार्न सक्छौ?'

उहाँका ओठमा श्री कृष्णको झैँ मुस्कान सधैँ यथावत् रहिरहन्छ। हातमा जहिले कुनै न कुनै पुस्तक देखिरहन्छु। पुस्तक प्रेमी हुनुहुन्छ मेरा हजुरबा।

त्यो झ्यालले पनि हजुरबाको अडेस सधैँ प्रेम स्वरूप झेलिरहेको हुन्छ। ऊ पनि मेरा हजुरबाले पल्टाउने हरेक पाना पढिरहन्छ सायद। मैले सोधे त्यो झ्यालले मेरा हजुरबाका अन्तर्मनका पीडाहरू बताउन सक्छ कि सक्दैन? म सोचिरहन्छु।

कहिलेकाहीँ म हजुरबाको कोठामा छिर्छु। उहाँको कोठा पूरै पुस्तकले भरिएको हुन्छ। सिरानमुनि पुस्तक, टेबलमा पुस्तक, दराजमा पुस्तक, र्याकमा पुस्तक, बाकसमा पुस्तक। अरू त अरू सुत्दा पनि छातीमा किताब टाँसेर सुत्नुहुन्छ। हजुरबाको किताबसँग छुट्टै किसिमको प्रेम छ।

हामी एकान्तमा हुँदा हजुरबाले मेरो कपाल मुसार्दै जहिले भन्नुहुन्छ- 'मलाई तेरी हजुरआमापछि सबैभन्दा प्रिय लाग्ने भनेका त यी पुस्तकहरू हुन् बा।'

त्यो समय उहाँको अनुहार मलिन हुन्छ। आँखा रसाएको देख्छु। हजुरआमाले छोडेर गएपछि हजुरबा प्रायः एक्लै कोठामा घण्टौँ समय गुजार्नु हुन्छ। उहाँको कोठामा प्रवेश गर्नुपूर्व म जहिले ढोकामा ढकढक गर्छु र उहाँको स्वीकृति लिइसकेपछि मात्र भित्र छिर्छु। म उहाँको कोठामा बिहानको दश बजेअघि र साँझको झिसमिसे उज्यालो भएपछि मात्र जाने गर्छु।

हजुरबा भन्नुहुन्छ- 'दिउँसोको समयमा मलाई डिस्टर्ब नगरिदे है रामु।'

म उहाँको वचनलाई नतोडी सधैँ पालना गरिरहन्छु। घरमा हजुरबा मेरो सबैभन्दा नजिकको सारथि हुनुहुन्छ। हजुरबा र म शनिवार बिहानीपख सधैँ चेस खेल्छौँ। हजुरबा आफूले चेस हारे सधैँ मलाई आफ्ना एक-दुई मिठा कविता सुनाउनुहुन्छ। म कविता श्रवण गरिरहन्छु। उहाँका कविताले मेरो मन चङ्गा हुन्छ र म अर्को एक अर्को एक भनेर बालहठ कसिरहन्छु। अन्त्यमा जित मेरै हुन्छ र हजुरबा फेरि कविता वाचन गर्न कसिनु हुन्छ।

हजुरबा र मलाई बेलायत बोलाउन बा-आमा जहिले ढिपी कस्नु हुन्छ। तर हामीलाई भने आफ्नै माटो, आफ्नै घर, आफ्नै वातावरण र परिवेश मन पर्छ। बाले बढी नै ढिपी कसे हजुरबा भन्नुहुन्छ- 'म मर्दा मलाई मेरै देशको घाट चाहिन्छ।'

अनि बा केही बोल्नुहुन्न। उहाँहरू हामीलाई भेट्न दुई-तीन वर्षमा आइराख्नु हुन्छ। अरू दिन प्रविधिले सधैँ जोडेकै हुन्छ। एक ठाउँबाट सात समुद्रपारि पनि सेकेन्डमा सम्पर्क गर्न सकिन्छ। जमाना भुइँबाट धुरीसम्म उठ्न समय नै नलाग्ने रहेछ। उहिलेको समयमा चिठीबाट महिनौँ, वर्षौंपछि खबर आदानप्रदान हुन्थ्यो। कहिले कहिले त निज सामु खबर पुग्दासम्म उक्त व्यक्तिको पठाउने व्यक्ति सामु मान्छे मरेको खबर आइसक्थ्यो।

कहिलेकाहीँ हजुरबा भन्नुहुन्थ्यो- 'हाम्रो समयमा नुन लिन जान पनि हामी एक दिन हिँडेर पुग्थ्यौं।' अचेल घरमै हावाको गतिझैँ दौडिने सवारी साधन छन्। जुनसुकै ठाउँमा जुनसुकै समयमा पुग्न सकिन्छ।

एक दिन हजुरबा सुतेको समयमा मैले उहाँको छातीमा टाँसिएको हरिवंश राय बच्चनको 'मधुशाला' पुस्तक सुटुक्क तानेँ। गाता पल्टाए पहिलो पृष्ठमा लेखकको तस्बिर छापिएको थियो र तल लेखिएको थियो-

'मिट्टीका तन, मस्तीका मन।

क्षणभर जीवन, मेरा परिचय।'

मलाई त्यो शब्दले झकझकायो। त्यो पुस्तक मैले हजुरबाको साइडमा राखेँ र आफ्नो कोठामा पसेँ। त्यसको पूर्ण विस्तार मैले पछि हजुरबाका मुखबाट सुनेँ। मलाई त्यो शब्दले अति नै छोयो, साथै हरिवंश राय बच्चनका बारेमा समेत केही बुझ्न पाइयो। उहाँ भारतका महाकवि हुनुहुँदो रहेछ।

हजुरबा दिनमा सातदेखि आठ घण्टा दैनिक आफ्नो गुफामा (हजुरबाले आफ्नो कोठालाई भन्ने नाम) किताब पढ्दै, केही रचना गर्दै समय गुजार्नु हुन्छ। उहाँ भन्नुहुन्थ्यो 'पुस्तक नै प्रेम, प्रेम नै पुस्तक।' म सहजै टाउको हल्लाउन बाध्य हुन्थेँ।

कलेजको बेन्चमा बसेर पढेको बाहेक घर आएर किताब नसमात्ने केटो म, अचेल हजुरबासँगको सामीप्यताले मलाई पुस्तक प्रेमीको खाडलमा धकेलिसकेको छ। घरमा बाँकीको समय अचेल पुस्तक पढ्नमा खर्चिने गरेको छु।

❖ बाँकी तेस्रो पृष्ठमा

# विशिष्ट उपचार सेवा सातै प्रदेशमा

झापा(प्रस) । विशिष्ट उपचार सेवा सङ्घीय राजधानीबाट सातै प्रदेशमा पुर्‍याउने महत्वाकांक्षी विषयलाई नीति तथा योजनामा समेटिएको छ । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले गत साउन २७ गते सार्वजनिक गरेको योजना तथा प्राथमिकतामा आधारित भएर जसअनुसार सातै प्रदेशमा सघन जलन उपचार र मुटु रोग सेवा विस्तार गर्ने लक्ष्य नीति तथा कार्यक्रममा राखिएको छ ।
यस्तै, क्यान्सर तथा मिर्गौला प्रत्यारोपण उपचारको सेवा प्रदेशस्तरमा विस्तार गर्ने कार्यक्रम सरकारले राखेको छ ।



पाठेघर क्यान्सरको एचपीभी खोप र १४ वर्ष मुनिका बालबालिकाका लागि निःशुल्क क्यान्सर उपचार सेवा दिने कार्यक्रम सरकारले तय गरेको छ ।

सरकारले सार्वजनिक गरेको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा स्वास्थ्य बीमाको सुधार तथा स्वास्थ्य तथा जनसंख्या क्षेत्रका महत्वपूर्ण सुधार प्रस्ताव गरिएका छन् ।
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत कार्यान्वयन हुने गरी सार्वजनिक गरिएका विषयमा स्वास्थ्य बीमाको विद्यमान स्रोत अभावलाई कम गर्न छरिएको स्रोतलाई एकै ठाउँमा केन्द्रीत गर्ने तथा सरकारका सबै सहुलियत र सहायतालाई स्वास्थ्य बीमाअन्र्तगत नै वितरण गर्ने योजना तय भएको छ ।
यो कार्यक्रमबाट स्वास्थ्य बीमामार्फत उपलब्ध हुने उपचार सहयोग वृद्धि हुने र अर्कोतिर आवद्ध हुने जनसंख्या बढ्ने अपेक्षा गरिएको छ । स्वास्थ्य बीमा प्रणाली एकीकृत गरी उपचारको दायरा विस्तार, गम्भीर रोगको उपचारसमेत बीमाबाट हुने व्यवस्था गर्न सुविधा थैली परिमार्जन गर्ने योजना सरकारले बताएको छ । यसैगरी बीमा सेवाको सुशासन र वित्तीय स्थायित्वका लागि बीमा बोर्डको पुनर्संरचना गर्ने विषय पनि नीति तथा कार्यक्रमले समेटेको छ ।

# पुरातात्विक सामग्री प्रदर्शन गर्दै युमा संग्रहालय

झापा(प्रस)। तेह्रथुमको लालीगुराँस नगरपालिकास्थित चोलुङपार्कमा निर्माण गरिएको युमा सङ्ग्रहालय ऐतिहासिक तथा पुरातात्त्विक वस्तु सङ्कलन गरी बढाउन थालिएको छ । सङ्ग्रहालयमा मानव जीवनमा जन्मदेखि मृत्यूसम्म प्रयोग गरिने वस्तु सङ्कलन गरी सङ्ग्रहित गर्न थालिएको हो ।
सङ्ग्रहालयमा लिम्बू समुदायसँग सम्बन्धित पुरातात्त्विक सामग्री राखिएका छन् । कोशी प्रदेशको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा परिचित तिनजुरे, मिल्के र जलजले क्षेत्रको प्रवेशद्वारका रूपमा रहेको वसन्तपुर बजारनजिकै निर्माण गरिएको सङ्ग्रहालयले पर्यटन प्रवर्धनमा समेत टेवा पुर्‍याएको छ । यो सङ्ग्रहालय आदिम सभ्यताको रूप रहेको लालीगुराँस नगरपालिकाका प्रमुख अर्जुन माबोहाङको भनाइ छ । उनले भने, "यहाँ राखिएका सामग्री अरू कुनै पनि ठाउँमा राखिएका छैनन् ।"
सङ्ग्रहालयमा गोर्खाली फौज र लिम्बुवानबिच लडाइँ हुँदाका समयमा प्रयोग गरिएका हातहतियार, लिम्बू समुदायका पूर्वजले प्रयोग गरेको वेशभूषा राखिएका छन् । त्यस्तै मावन जीवनमा प्रत्यक्ष रूपमा आवश्यक हुने पुरातात्त्विक तथा ऐतिहासिक बहुमूल्य सामग्री सङ्ग्रहालयमा सङ्कलन भइरहेका छन् । सङ्ग्रहालय निर्माणले इतिहासलाई जीवन्त राखेको सङ्ग्रहालय अवलोकनमा पुगेका पर्यटक महेन्द्र मादेनले बताए । उनले भने, "यो सङ्ग्रहालयले यहाँको इतिहास जीवन्त राखेको छ ।"

# एक खर्ब ५२ अर्बका ४६ योजनामा लगानी प्रतिबद्धता

झापा(प्रस) । कोशी प्रदेश सरकारले आयोजना गरेको लगानी सम्मेलनमा ४६ वटा परियोजनामा १ खर्ब ५२ अर्ब लगानीको प्रतिबद्धता आएको छ । उक्त परियोजनामा सरकार र लगानीकर्ताहरूबिच द्विपक्षीय समझदारी पत्रमा शुक्रबार हस्ताक्षर भएको छ । कोशी प्रदेश लगानी प्राधिकरणका कार्यकारी निर्देशक डा. सरोज कोइराला र लगानीकर्ताले हस्ताक्षर गरी समझदारी पत्र हस्तान्तरण गरिएको छ ।
लगानी सम्मेलनमा कोदोको रक्सी बनाउने उद्योगदेखि व्यावसायिक कृषि फार्म, कृषिमा आधारित उद्योगहरू, बेसार प्रशोधन, छुर्पीदेखि कफी उत्पादनसम्म, जैविक मल उत्पादनदेखि एग्रो टुरिजम र पर्यटनतर्फ बर्जुताल पर्यटकीय क्षेत्र विकाससम्मका परियोजनाका क्षेत्रमा लगानी गर्ने प्रतिबद्धता जनाइएको छ ।
लगानी प्रतिबद्धतामा हस्ताक्षर भएका परियोजनामध्ये कृषिमा ३ अर्बको ८ वटा, ऊर्जा क्षेत्रमा ८ अर्ब ६२ करोडको ३ वटा, उद्योगमा ६६ अर्ब ८७ करोडका १२ वटा, पूर्वाधारमा ३८ अर्ब ४१ करोडका ९ वटा, आइटी क्षेत्रमा ४७ करोडको २ वटा, वेस्ट मेनेजमेन्टको क्षेत्रमा ६० करोडका २ वटा र पर्यटन क्षेत्रमा ३४ अर्ब १९ करोडको १० वटा परियोजना छन् । सम्झौता भएका परियोजनाहरूमा २७ वटा पब्लिक प्राइभेट पार्टनरसिप (पीपीपी) मोडलका छन् भने अन्य निजी क्षेत्रले मात्रै लगानी गर्ने प्रतिबद्धता गरिएको छ ।
लगानीकर्ता केपी सिटौलाले २२ करोड लगानीमा देउमाई कफी फार्मिङ प्रोजेक्ट सञ्चालन गर्ने सम्झौतामा हस्ताक्षर गरेका छन् । त्यसैगरी टर्मरिक प्रोडक्सन एण्ड प्रोसेसिङ सेन्टर बराह क्षेत्रका सञ्चालक केशव घिमिरेले १९ करोड रुपैयाँ लगानीमा बेसार उत्पादन तथा प्रशोधन परियोजना, गिरिराज बस्नेतले ग्रिनयार्ड एग्रो फार्म सञ्चालन गर्न ४५ करोड रुपैयाँ, इलामकी कुसुम दाहालले ८० करोड रुपैयाँ लगानीबाट एड्भान्सिङ नेप्लिज टी एण्ड कफी प्रोजेक्ट सञ्चालन गर्ने समझदारी पत्रमा हस्ताक्षर गरेका छन् ।




यसैगरी नेत्रप्रसाद भण्डारीले १८ करोड लगानीमा छुर्पी प्रोजेक्ट, राजन शर्माले २७ करोड लगानीमा साइट्रस ट्रुथ फार्मिङ एण्ड एग्रो टुरिजम, विष्णु अग्रवालले किवी फार्मिङ एण्ड प्रोसेसिङ इन्डस्ट्रिज, ६४ करोड लगानीमा धनकुटा एभोकाडो फार्मिङ प्रोसेसिङ इण्डष्ट्रिज एण्ड एग्रो टुरिजममा लगानी प्रतिबद्धता सम्झौता गरेका छन् ।
विराटनगरका उद्योगी पवनकुमार सारडाले १ अर्ब ६० करोड लगानीमा सुनसरीमा पशुपति इनर्जी प्रोजेक्ट सञ्चालन गर्ने, उदयपुरमा राजेन्द्र श्रेष्ठले ५ अर्ब ६० करोड रुपैयाँ लगानीमा एग्रोभल्टिक सोलार प्रोजेक्ट, संखुवासभामा राजन निरौलाले पाँचखपन हाइड्रोपावर कम्पनीबाट १४२ करोड रुपैयाँ लगानी गर्ने सम्झौता भएको छ ।
यस्तै प्रेसिडेन्ट एग्रोटेकमा शम्भुबाबु कोइरालाले २० करोड, शिवशक्ति बायोटेक मोरङमा अनन्तराम खतिवडाले २७ करोड, हर्बल प्रोसेसिङ प्लान्ट प्रोजेक्ट मोरङमा उदय बरालले ११६ करोड रुपैयाँ लगानी गर्ने प्रतिबद्धता जनाएका छन् ।
यस लगानी सम्मेलनमा नयाँ परियोजनाको रूपमा कोदोको रक्सी प्रोजेक्टले प्रदेश सरकारसँग लगानी सम्झौता गरेको छ । कोदोको रक्सी उत्पादन गर्न आवश्यक कानुन निर्माण नभइसके पनि त्यसलाई ब्राण्डिङ गर्दै उत्पादनतर्फ अगाडि बढ्न सोलुखुम्बु तिलिचो पिक फुड एण्ड ड्रिङ्क प्रा.लि.का जनक राईले ४० करोड लगानी गर्ने सम्झौतामा हस्ताक्षर गरेका छन् । कोशी प्रदेश सरकारले लगानी सम्मेलनमा ७१ वटा परियोजना सोकेसमा राखेको थियो । त्यसमध्ये ४६ वटा परियोजनामा लगानी प्रतिबद्धता जुटेको सरकारले जनाएको छ । मुख्यमन्त्री हिक्मतकुमार कार्कीको अध्यक्षतामा भएको कोशी प्रदेश लगानी सम्मेलनको समापन समारोहमा कोशी प्रदेश सभाका सभामुख अम्बरबहादुर विष्ट, पूर्वमुख्यमन्त्रीहरू, सरकारका मन्त्रीहरू तथा विशिष्ट पाहुनाहरूको उपस्थिति थियो ।

# अप्रिलमा भित्रिए एक लाख १६ हजार विदेशी पर्यटक



झापा(प्रस) । सन् २०२५ को अप्रिल महिनामा हालसम्मकै उच्च संख्यामा विदेशी पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार अप्रिल महिनामा मात्रै एक लाख १६ हजार ४९० विदेशी पर्यटक नेपाल आएका छन् । नेपालको पर्यटनमा अप्रिल महिनाको विदेशी पर्यटक आगमनमा रेकर्ड कायम भएको बोर्डले उल्लेख गरेको छ ।
अप्रिलमा सबैभन्दा बढी भारतबाट २५ हजार ९३३, अमेरिकाबाट १० हजार ५३, चीनबाट नौ हजार ३७ र संयुक्त अधिराज्य बेलायतबाट छ हजार ८३८ पर्यटक नेपाल भित्रिएका छन् । पछिल्लो आँकडा हेर्दा भारतीय र चिनियाँ पर्यटक बढ्न सकेका छैनन् ।
बोर्डका अनुसार सन् २०१९ को तुलनामा १०६ दशमलव ५ प्रतिशतले विदेशी पर्यटक आगमनमा बढोत्तरी भएको छ । कोरोना महामारीपूर्व सन् २०१९ को अप्रिल महिनामा सबैभन्दा धैरै एक लाख नौ हजार ३९९ विदेशी पर्यटक नेपाल आएका थिए । सन् २०२४ को अप्रिलमा एक लाख ११ हजार ३७६ जना विदेशी पर्यटक नेपाल आए भने सन् २०२३ को अप्रिलमा ९८ हजार ७७३ जना पर्यटक नेपाल भित्रिएका थिए । "हामीले आधिकारिक रुपमा १०६ दशमलव ५ प्रतिशत पूर्व-महामारी स्तरमा पुगेका छौँ, यसले बलियो 'रिकभरी' र नेपालमा बढ्दो विश्वव्यापी चासो देखाउँछ", बोर्डले उल्लेख गरेको छ ।
बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले अप्रिल महिनाको पर्यटक आगमन उत्साहवर्द्धक रहेको बताए। "यो वृद्धि नेपालको स्थायी आकर्षण र पर्यटन सभ्यताको प्रमाण हो", उनले भने ।
बोर्डको विवरणमा वर्षको चार महिना (जनवरी-अप्रिल) को अवधिमा चार लाख १५ हजार ४८ पर्यटक नेपाल भित्रिएका छन् । जनवरीमा ७९ हजार ९९१, फेब्रुअरीमा ९६ हजार ८८० र मार्चमा एक लाख २१ हजार आठ सय विदेशी पर्यटक नेपाल आएका थिए ।

## हजुरबा...

पुस्तकप्रतिको सामीप्यताले मलाई अहिले आफूभित्रको अर्को एकलाई चिन्न सिकाएको छ। किताब पढ्दा कहीँ कतैबाट आवाज आए साह्रै माथा तात्दो रहेछ। मलाई अचेल साह्रै झोक चल्छ जब पल्ला घरमा काइँला अङ्कलको छोरा चिच्याउँछ। सायद यस्तै मोबाइलमा साथीहरूसँग गेम खेल्दा हल्ला गर्ने भएर होला हजुरबा मलाई आफ्नो माथिल्लो फ्लोरमा आएर डिस्टर्ब नगरिदे भनिराख्ने।

अचेल हजुरबा झैँ घण्टौँ पुस्तक पढिरहने भएर होला हजुरबा मलाई माथिल्लो फ्लोरको मेरो कोठामा बसेर पढ् भन्नुहुन्छ। अचेल घरमा हामी तीन जनाको सङ्गम खुब मिलेको छ। पुस्तक, हजुरबा अनि म।

हजुरबा र म साँझको समयमा साहित्य, दर्शनशास्त्रको बारेमा गफ चुट्छौँ। म प्रश्न ओइरिने काम गर्छु, हजुरबा प्रमाणित उत्तर दिनुहुन्छ। जहाँ म तर्क गर्ने कुनै खाली ठाउँ भेट्टि दनँ, क्षमता राख्दिनँ र सबै स्वीकार गर्छु।

एक दिन साँझको समय थियो, लगभग एघार बजिसकेको थियो। हजुरबा आकाशतर्फ हेर्दै कसैसँग बात मार्दै हुनुहुन्थ्यो। म झ्यालबाट लुकेर उहाँलाई हेरिरहेको थिएँ। केही बेर बात मारेर उहाँ मौन हुनुभयो। म कोठाबाहिर गएर हजुरबाको नजिकै गएँ।

उहाँले हत्तपत्त आँखाको आँसु पुछ्नु भयो र मुहार उत्तरतर्फ फर्काउनु भयो। मैले हजुरबाको हात समातेर कोठामा लिएर आएँ। यसअघि मैले हजुरबालाई यस्तो अवस्थामा कहिल्यै देखेको थिइनँ। मैले रुनुको कारण सोधे। उहाँले केही उत्तर दिनुभएन।

'हजुरबा भन्नु न' मैले उहाँको हात समातेर बालहठ गर्सें।

उहाँले लामो सास फेर्नुभयो र मेरो अनुहारतिर मुख फर्काइ भन्न थाल्नुभयो, 'आजकै दिन तेरी हजुरआमाले यो संसारबाट विश्राम लिएकी थिईं। यो दिन मैले कसरी बिर्सनु बा! उसले छोडेर गएको पनि तिस वर्ष भइसक्यो। यो तिस वर्ष मलाई पूरै सतियुगका सोह्र लाख वर्ष एक्लै बिताएझैँ भएँ। तँलाई थाहा होला म सधैँ बिहान तुलसीको मठमा पानी हाल्छु। मर्न लाग्दा ऊ बेला पानी खान नपाएर मरेकी थिई तुलसी। त्यसै कारण बिहान जहिल्यै आफूले पानी खानुपूर्व तुलसीमा पानी हाल्छु। अनि अब त पानी खाएर अघाई होली भन्ने लाग्छ। छोडेर जानेहरूको यादमा कति पर्खनु पर्ने रहेछ खै? पर्खिंदा पर्खिंदा यो बुढो रुखले बोक्रा फेरिसक्यो। रमेश र बुहारी पनि दश वर्ष भइसक्यो विदेश बसेको। म एकासी वर्षको ढल्न लाएको रुख भइसकेँ। कहिले मेरो पनि तुलसीसँगै जाने दिन आउला? यस्तै सोच्दै कहीँ कतै चन्द्रमामा तुलसी भेटिन्छे कि, केही बोल्छे कि भनेर बरबराउँदै थिएँ। अरू केही हैन बा!'

'सुत् तँ किन यति अबेरसम्म नसुती बसेको?' हजुरबाले मेरो टाउको मुसार्दै भन्नुभयो।

हजुरबाका कुरा सुन्ने क्रममा मेरा आँसुले कतिखेर गाला चुमेँ पत्तै भएन।

'धत्! किन रोएको तँ?' हजुरबाले दाहिने हातले मेरा आँसु पुछ्दै भन्नुभयो।

हजुरबा फेरि आफै बोल्न थाल्नु भयो, 'यो मृत्युको दुस्मन त जन्म हो। मान्छेले जन्म लिइसकेपछि मर्नु निश्चित छ। मान्छेले आफू जन्मँदाको पहिलो श्वास र मर्दाको अन्तिम श्वास बिचमा जे जति क्रियाकलाप गर्छ ती सब खेल हुन्, क्षणभङ्गुर छन् र हुन्। कहिलेकाहीँ शङ्कराचार्यको एक कुरा मलाई मन पर्दैन, उहाँ भन्नुहुन्छ- ब्रह्म सत्य, जगत् मिथ्या। म यो कुरा स्विकार्न सक्दिनँ। यहाँ सत्य छ त प्रस्ट जगत् मात्र बाँकीको सब मिथ्या लाग्छ।

'यावज्जीवेत्, सुखं जीवेत्' यो चार्वाकको श्लोक भने मलाई मन पर्छ' हजुरबाका यस्ता मिठा वाणी सुन्न पाउनु नै मेरा लागि सौभाग्य हो लाग्छ। सायद कुनै न कुनै जन्ममा मैले राम्रो काम गरेँ हुँला जुन आज मैले हजुरबा जस्तो विद्वान र असल सारथि पाएको छु।

'हजुरबा आजदेखि हजुरसँगै सुत्छु नि म है?' मैले उहाँलाई पानी दिँदै भनेँ।

'हस्' हजुरबाले बिना आलोचना मेरो कुरा स्विकार्नु भयो। म यसै चङ्गा भएर हजुरबासँगै सुतेँ।

एकाबिहानै मेरो साथी प्रकाशको फोन आयो- 'ओइ राम कहाँ छस् तँ? म तेरो घर आउँदै छु है।'

उसले हतार हतारमा भन्यो।

'म घरमै छु,' मैले जवाफ फर्काएँ। उसले फोन काट्यो।

फोन काटेको पन्ध्र मिनेटमा ऊ मेरो घर आइपुग्यो। म हजुरबाका लागि दूध हालेको चिया बनाउँदै थिएँ। ऊ किचेनमै आयो।

'म ग्रिन टी खान्छु है' उसले आफू चिया नपिएरै आएको जनायो।

'खाने भए आफै बनाएर खा है, मेट्रियल छँदै छ सबै, मेरो हातको तँलाई मन पर्दैन होला नि,' मैले टी-ब्याग र एक कप तातोपानी अघि सार्दै भनेँ। ऊ जहिल्यै मैले बनाएको कुनै न कुनै कुरामा केही न केही दोष लाइछोड्छ। त्यसैले मैले एकाबिहानै ऊसँग जिस्किन खोजेँ।

'तैँले बनाएर दिनुपर्छ भनेको छु र, म आफै बनाएर खान्छु, खै उता जा,' उसले दाहिने कुमले मलाई घोच्दै भन्यो।

प्रकाश मेरो सुख दुःखको साथी हो। मलाई केही समस्या पर्दा जहिले हाजिर हुन तयार हुन्छ। हामी एक अर्काको भेट भएकै छिन जिस्किन थालिहाल्छौँ। जिस्किँदा जिस्किँदै दुवै दुई/चार गाली पनि दिन्छौँ एक अर्कालाई ठेस नपुग्ने गरी। मलाई लाग्छ, यदि मिल्ने साथीहरूमा दुई चार गाली भएन भने त्यो मित्रता कस्तो मित्रता।

'म हजुरबालाई चिया दिएर आउँछु है' मैले चियाको कप समात्दै भनेँ। हजुरबालाई चिया दिएर आइसक्दा ऊ किचेनमा थिएन। पछि माथिल्लो फ्लोरमा जाँदा उसलाई हजुरबा र पुस्तकसँग भेटेँ।

प्रकाश हजुरबासँग गफ मार्दै रहेछ। ऊ पनि हजुरबाका मधुर वाणीबाट प्रभावित छ। केही छिनमा हजुरबाले प्रकाशसँग बात टुङ्ग्याई रुमबाट नुहाउन निस्किनु भयो।

प्रकाशले मेरो कानमा आएर सुटुक्क भन्यो- 'राम, तँलाई सबैभन्दा प्रिय के लाग्छ?'

मैले बुलेट ट्रेनको गतिमा भनेँ, 'हजुरबा र पुस्तक।'

## प्रेस ...

(अग्नी), रास्वपा झापाका सचिव शम्भु सुस्केरा, राष्ट्रिय प्रजातन्त्र पार्टी झापाका अध्यक्ष केशवप्रसाद ओझा, नेकपा एकीकृत समाजवादीका झापा अध्यक्ष बेदराज रेग्मी, जनता समाजवादी पार्टीका झापा अध्यक्ष समर राई, जनमत पार्टी झापाका अध्यक्ष भोटलाल राजवंशी, नागरिक उन्मुक्ति पार्टीका झापा अध्यक्ष थिरबहादुर खवास र नेपाल कम्युनिष्ट पार्टीका झापा इन्चार्ज सुमन सिंह पौडेलले साझा प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेका छन् ।
पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा सम्पन्न कार्यक्रम सचिव राजु पाठकले सञ्चालन गरेका थिए । यसैबीच पत्रकार सो कार्यक्रममा जनमत पार्टीका झापा जिल्ला अध्यक्ष भोटुलाल राजवंशीले पत्रकारलाई झोले भनेपछि उनीमाथि पत्रकारहरु खनिएका थिए ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** — आज आँटेको र ताकेको कार्य पुरा होला । प्रेमसम्बन्धका लागि श्रेष्ठ समय रहेको छ ।

**वृष** — रोजगारको अवसर मिल्नेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**मिथुन** — छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कर्कट** — आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

**सिंह** — प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।

**कन्या** — महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

**तुला** — आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**वृश्चिक** — आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

**धनु** — आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**मकर** — मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

**कुम्भ** — आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

**मिन** — बन्धु बान्धवबाट सहयोग मिल्नेछ । पारिवारिक सद्भाव बढ्नेछ ।